कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा
बीमा ऐन, २०४९ बमोजिम कामकारोवार गर्ने

PrimeLife

# PRIME LIFE INSURANCE COMPANY LTD.
## प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालयः हात्तिसार, काठमाण्डौ, नेपाल
फोन नं ०१४४४१४१४, फ्याक्स नं ०१४४४१४३६
Email: info@primelifenepal.com URL: www.primelifenepal.com

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

**दरखास्तसाथ प्रति शेयर रु. १०० /- को दरले माग गरिएको**

चुक्ता पूँजी रु.६१,०२,००,००० बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ६१,०२,००० कित्ता साधारण शेयरको एक शेयर बराबर एक दशमलव छ शेयर (१ : १.६) (अर्थात विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एक दशमलव छ कित्ता साधारण शेयर) को अनुपातमा रु.९७,६३,२०,००० बराबरको प्रति शेयर रु. १००/–अंकित दरका ९७,६३,२०० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

### निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३"अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।
धितोपत्र लगानीमा हुनसक्ने जोखिमबारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्नेछ । यस संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरुबारे यस विवरणको दफा "थ" मा उल्लेख गरिएको छ ।

यस **हकप्रद शेयर निष्काशन सम्वन्धि व्यवस्था तथा विवरणहरु** मार्फत साविक शेयरधनीहरुलाई सार्वजनिक निष्काशन गरिने हकप्रद साधारण शेयरका लागि ईक्रा नेपाल लि. बाट मिति २०७४ पौष २१ गते "ईक्रा एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ । **"ईक्रा एनपि आईपिओ ग्रेड ४+"** ले औसत भन्दा तल (Below Average Fundamental) आधारहरु जनाउँदछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा व मा उल्लेख गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७४/१०/२८
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति :२०७४/११/२७
हकप्रद शेयर निष्काशन बन्द हुने मिति :२०७५/०१/०२

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः**

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**
पो.व.नं.२१२००, नारायणचौर, नक्साल काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५ ,फ्याक्स नं. ४४२०९२९
इमेलःscl@siddharthacapital.com
वेवसाइटः www.siddharthacapital.com

**(क) संगठित संस्थाको नाम :प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

(PRIME LIFE INSURANCE COMPANY LIMITED)

**(ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :**यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १, हात्तिसार, काठमाण्डौमा रहेको छ ।

**(ग) कारोवार स्थान**: यस कम्पनीको कारोबार गर्ने मख्य स्थान (प्रधान कार्यालय) काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १, हात्तिसार, काठमाण्डौमा रहेको छ । आवश्यकता अनुसार नेपालभर शाखा, उपशाखा वा अन्य कार्यालय खोली विमा सम्बन्धिकारोबार गर्न सक्नेछ । यस कम्पनीका हाल सञ्चालनमा रहेका शाखा, उपशाखा तथा अन्य कार्यालयहरुको विवरण देहाय बमोजिम रहेको छ । साथै यस कम्पनीको ७ वटा क्षेत्रिय कार्यालय रहेका छन भने बैदेशिक रोजगार (म्यादी) बीमालेखका लागि ३ स्थान (ताहाचल, गोंगवु र गौशाला) बाट सेवा दिइआएको छ ।

| क्र.सं. (शाखा) | शाखा कार्यालय रहेको स्थान | क्र.सं. (उपशाखा) | उपशाखा कार्यालय रहेको स्थान |
|---|---|---|---|
| १ | **विर्तामोड** | १ | इलाम |
| | | २ | शिवगंज |
| २ | **उर्लावारी** | ३ | अमरदह |
| | | ४ | दमक |
| | | ५ | गौरीगंज |
| ३ | **धरान** | ६ | भोजपुर |
| | | ७ | धनकुटा |
| | | ८ | तेह्रथुम |
| ४ | **विराटनगर** | ९ | रंगेली |
| | | १० | ओखलढुंगा |
| ५ | **इटहरी** | ११ | इनरुवा |
| | | १२ | वेलवारी |
| ६ | **फिदिम** | | |
| ७ | **लाहान** | १३ | गाइघाट |
| | | १४ | राजविराज |
| | | १५ | मिर्चैया |
| | | १६ | खोटाङ्ग |
| | | १७ | कटारी |
| ८ | **जनकपुर** | १८ | वर्दिवास |
| | | १९ | लालवन्दी |
| | | २० | मलंगवा |
| ९ | **सिन्धुली** | २१ | रामेछाप |
| १० | **विरगंज** | २२ | सिमरा |
| | | २३ | पोखरीया |
| ११ | **हेटौडा** | २४ | दामन |
| | | २५ | मनहरी |
| | | २६ | छत्तिवन |
| १२ | **नारायणगढ** | २७ | पर्सा |
| | | २८ | कावासोती |
| | | २९ | चनौली |
| | | ३० | गोर्खा |
| १३ | **कलैया** | ३१ | निजगढ |
| १४ | **चन्द्रनिगाहपुर** | ३२ | गौर |
| १५ | **काठमाण्डौ** | ३३ | नुवाकोट |
| | | ३४ | सांखु (कपन) |
| | | ३५ | किर्तीपुर |
| | | ३६ | गोंगवु |

| | | | |
|---|---|---|---|
| | | ३७ | पुरानो बानेश्वर |
| १६ | **सूर्यविनायक** | ३८ | नगरकोट |
| १७ | **पाटन** | ३९ | चापागाउँ |
| | | ४० | धादिङ्ग |
| | | ४१ | लुभु |
| १८ | **बनेपा** | ४२ | बाह्रविसे |
| | | ४३ | चरिकोट |
| | | ४४ | चौतारा |
| १९ | **पोखरा** | ४५ | दमौली |
| | | ४६ | वालिङ्ग |
| | | ४७ | कुष्मा |
| | | ४८ | बेशिसहर |
| | | ४९ | बाग्लुङ्ग |
| २० | **बुटवल** | ५० | अर्घाखाँची |
| | | ५१ | भैरहवा |
| | | ५२ | सुनवल |
| २१ | **जितपुर** | ५३ | कृष्णनगर |
| | | ५४ | तौलीहवा |
| २२ | **पाल्पा** | ५५ | रामपुर |
| | | ५६ | गुल्मी |
| २३ | **नेपालगंज** | ५७ | गुलरीया |
| | | ५८ | कोहलपुर |
| | | ५९ | चौरजहारी |
| | | ६० | सल्लिवजार |
| २४ | **दाङ्ग** | ६१ | लमही |
| | | ६२ | सल्यान |
| | | ६३ | रोल्पा |
| | | ६४ | रुकुम |
| | | ६५ | तुलसीपुर |
| २५ | **धनगढी** | ६६ | दिपायल |
| | | ६७ | टिकापुर |
| | | ६८ | अछाम |
| | | ६९ | सुखड |
| | | ७० | अत्तरीया |
| २६ | **महेन्द्रनगर** | ७१ | डडेलधुरा |
| | | ७२ | दार्चुला |
| | | ७३ | बझाङ्ग |
| | | ७४ | बैतडी |
| | | ७५ | बेलौरी |
| | | ७६ | गोकुलेश्वर |
| २७ | **सुर्खेत** | ७७ | जाजरकोट |
| | | ७८ | दैलेख |
| | | ७९ | मेहेलकुना |
| २८ | **जुम्ला** | ८० | कालिकोट |

**(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**संगठित संस्थाको संक्षिप्त परिचय :** मिति २०६४।०३।१० गते स्थापना भएको प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४।०३।१० मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस

कम्पनीले बीमा समितिबाट बीमा ऐन २०४९ अनुसार २०६५।०१।२४मा बीमकको हैसियतले कार्य गर्न स्वीकृति प्राप्त गरि मिति २०६५।०२।२२ देखी आफ्नो कारोवार संचालन गरिरहेको छ । कम्पनीले आजीवन, सावधिक तथा म्यादी जीवन वीमाको बीमा समितीबाट अनुमति प्राप्त गरेको छ ।

**संगठित संस्थाको उद्देश्य :**

**संगठित संस्थाको प्रबन्धपत्रको दफा ४ मा भएको व्यवस्था अनुसार देहाय अनुसारका उद्धेश्यहरु रहेका छन् ।**

१) विभिन्न किसिमका जिवन विमा व्यवसायहरु संचालन गर्ने ।
२) सुरक्षित जिवन विमा व्यवसायहरु संचालन गर्ने ।
३) दुर्घटना विमा व्यवसायहरु संचालन गर्ने ।
४) क्षतिपुर्ति तथा औषधोपचार विमा व्यवसायहरु संचालन गर्ने ।
५) एन्युटि (annuity) व्यवसाय संचालन गर्ने ।
६) जिवनमा पर्नसक्ने विभिन्न प्रकृतिका आर्थिक तथा सामाजिक जोखिमहरुबाट सर्वसाधारणलाई राहत प्रदान गर्न युनिटसंग सम्वन्धित वा सम्वन्ध नरहेका विभिन्न जीवन विमा योजनाहरु जारी गर्ने, विक्री गर्ने र संचालन गर्ने ।

**(ङ) शेयर पूँजीको संरचना :**

(क) अधिकृत पूँजी : यस कम्पनीको अधिकृत पूँजी रु. २,५०,००,००,०००/- ( अक्षरेपी दुई अरव पचास करोड) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/- दरका २,५०,००,००० (दुई करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ ।

(ख) जारी पूँजी : कम्पनीको जारी शेयर पूँजी रु.१,५८,६५,२०,०००/- (अक्षरेपी एक अर्व अन्ठावन्न करोड पैसठ्ठी लाख बीस हजार) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/- दरका १,५८,६५,२०० (एक करोड अन्ठाउन्न लाख पैसठ्ठी हजार दुईसय) थान शेयरमा विभाजन गरिएको छ ।

(ग) चुक्ता पूंजी : हाल कम्पनीको चुक्ता पूँजी रु.६१,०२,००,०००/-(अक्षरेपी एकसठ्ठिकरोड दुई लाख रुपैंया) रहेको छ । यस विवरण पत्र मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.१,५८,६५,२०,०००/- ( अक्षरेपी एक अर्व अन्ठावन्न करोड पैसठ्ठी लाख बीस हजार) हुनेछ ।

**(च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाकोचुक्ता पूँजीको स्थिति :**

**हकप्रद शेयर निष्काशन गर्नु पूर्व चुक्ता पूंजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भूक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | ४२,७१,४०० | ७०% | ४२,७१,४०,००० | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | १८,३०,६०० | ३०% | १८,३०,६०,००० | शतप्रतिशत |
| | **जम्मा** | ६१,०२,००० | **१००%** | ६१,०२,००,००० | |

**हकप्रद शेयर निश्काशन गरि वांडफांड गरे पश्चात हुने कम्पनीको चुक्ता पुंजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भूक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | १,११,०५,६४० | ७०% | १,११,०५,६४,००० | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | ४७,५९,५६० | ३०% | ४७,५९,५६,००० | शतप्रतिशत |
| | **जम्मा** | १,५८,६५,२०० | **१००%** | १,५८,६५,२०,००० | |

**(छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा र उनीहरुले लिएको शेयर संख्या**

| क्र.सं. | नाम | ठेगाना | शेयर संख्या |
|---|---|---|---|
| १ | म्युचुअल ट्रेडिङ्ग कम्पनी प्रा.लि.<br>संचालकहरुको नाम र ठेगाना<br>१ प्रेम लता खेतान | का.म.न.पा. ८, मखनगल्ली | ६३५,६२५ |
| २ | हिमालयन एक्जिम प्रा.लि.<br>संचालकहरुको नाम र ठेगाना<br>१ प्रेम प्रकाश खेतान | का.म.न.पा. १, काठमाण्डौ | ६३५,६२५ |
| ३ | प्रेम प्रसाद खेतान | ल.पु.उ.न.पा. २ झम्सिखेल | ४७६,२९५ |
| ४ | लक्ष्मी बैंक लिमिटेड<br>संचालकहरुको नाम र ठेगाना<br>१ शम्भु प्रसाद आचार्य<br>२ दिनेश पौड्याल<br>३ सुशिल कुमार अर्याल<br>४ स्वाती रुङ्गटा<br>५. विश्व करण जैन | का.म.न.पा. १, हात्तिसार | ९१५,३०० |
| ५ | रतन लाल संघाई | का.म.न.पा. २, कमलादी | ४६६,१२५ |
| ६ | मर्कन्टाइल क्यापिटल प्रा.लि.<br>संचालकहरुको नाम र ठेगाना<br>१ गोपी कृष्ण शिकारिया<br>२ ओम प्रकाश शिकारिया<br>३ विनय कुमार जाजोडिया | विरगंज, पर्सा | ६७१,२२० |
| ७ | रश्मि होल्डिङ्ग प्रा.लि.<br>संचालकहरुको नाम र ठेगाना<br>१श्रीमती रश्मि कुमारी<br>२श्रीमती मिरादेवी गुप्ता अग्रवाल | त्रिपुरेश्वर, काठमाण्डौ | १९१,३७५ |
| ८ | राजेन्द्र कुमार खेतान | ललितपर उ.म.न.पा. २ | १,९०,००० |
| ९ | श्याम सुन्दर रङ्गाटा | विरगंज न.पा.७, आदर्शनगर | ४२,३७५ |
| १० | सञ्जय अग्रवाल | खिचापोखरी, काठमाण्डौ | १८,६४५ |
| ११ | सुरेन्द्र शिलवाल | का.म.न.पा. ४, बालुवाटार | ८,४७५ |
| १२ | राजेन्द्र सिंह गुरुङ्ग | का.म.न.पा. १, | ८,४७५ |
| १३ | सुमन कुमार जोशी | ल.पु.उ.न.पा. २ धोविघाट | ८,४७५ |
| १४ | अनिल ढुङ्गेल | का.म.न.पा. १०, बानेश्वर | ३,३९० |
| | संस्थापकहरुको जम्मा शेयर | | ४,२७१,४०० |
| | सर्वसाधारणहरुको जम्मा शेयर | | १,८३०,६०० |
| | जम्मा शेयर | | ६,१०२,००० |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

शेयरधनीको नाममा कायम रहेको शेयरको १: १.६ को अनुपातमा अर्थात विद्यमान एक कित्ता शेयर बराबर नयाँ एक दशमलव छकित्ताको दरले हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले भुक्तानी माग गर्ने गरी रु. ९७,६३,२०० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिएको छ ।

**(झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारणसभा सम्पन्न भएको मितिः**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमासाधारण सभाले गरेको निर्णय** :कम्पनीको पूँजी बृद्धि गर्न १६० प्रतिशत(एक शेयर बराबर एक दशमलव छ शेयर) बराबर हकप्रद शेयर जारी गर्ने निर्णय भयो ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा वार्षिकसाधारण सभा सम्पन्न भएको मिति** : वार्षिकसाधारण सभा सम्पन्न भएको मिति२०७४।०५।२७

**(ञ) सञ्चालकहरुको परिचय**

कम्पनीकोसञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| क्रसं | नाम | ठेगाना | शैक्षिक योग्यता | अनुभव | पद | प्रतिनिधित्व समूह |
|---|---|---|---|---|---|---|
| १ | श्री पियुष राज अर्याल | नक्साल, काठमाण्डौ | एमविए | बैंक तथा वित्तीय क्षेत्रमा विभिन्न तहमा रहि १४ वर्ष भन्दा बढीको कार्यानुभव । | अध्यक्ष | संस्थापक |
| २ | श्री दिपेश अमात्य | ललितपुर-१८, मंगलवजार | एमविए | बैंक तथा वित्तीय क्षेत्रमा विभिन्न तहमा रहि १५ वर्ष भन्दा बढीको कार्यानुभव । | सञ्चालक | संस्थापक |
| ३ | श्री नारायण वजाज | का.म.न.पा. ३२ | सिए | लेखापरीक्षण कार्य एवं वित्तीय क्षेत्र र शैक्षिक परामर्श लगायतमा ३० वर्ष भन्दा बढीको कार्यानुभव । | सञ्चालक | स्वतन्त्र |
| ४ | श्री पर्सुराम कोइराला | इटहरी ४ सुनसरी | एलएलएम | कानून व्यवसायमा २० वर्ष भन्दा बढीको कार्यानुभव । | सञ्चालक | स्वतन्त्र |
| ५ | श्री राजिव प्रसाद प्याकुरेल | विदुर १, नुवाकोट | एमविएस | बैंक तथा वित्तीय संस्थामा ७ वर्ष भन्दा बढी सञ्चालक रहि कार्य गरेको कार्यानुभव । | सञ्चालक | सर्वसाधारण |
| ६ | श्री सुरज श्रेष्ठ | इटहरी ८, सुनसरी | एमविएस | मानव संसाधन विकास क्षेत्र तथा कन्सल्टेन्सी क्षेत्रमा १० वर्ष भन्दा बढीको कार्यानुभव । | सञ्चालक | सर्वसाधारण |
| ७ | श्री विकास धोरेवा | ललितपुर म.नपा. २ | वि.कम. | व्यवसायिक क्षेत्रमा ५ वर्ष भन्दा बढीको कार्यानुभव । | सञ्चालक | संस्थापक |

**कम्पनीको प्रमुख कार्यकारी अधिकृतको विवरण**

| क्रसं | नाम | शैक्षिक योग्यता | अनुभव | पद | ठेगाना |
|---|---|---|---|---|---|
| **१.** | श्री मनोज कुमार भट्टराई | स्नातकोत्तर | - १७ जुलाई २०१४ देखि हालसम्म यस संगठित संस्थामा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत<br>- ३ वर्ष ३ महिना नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यानुभव ।<br>-ग्राण्ड बैंक नेपालमा जेनेरल म्यानेजरको रुपमा ३ वर्षको कार्यानुभव सहित अन्य बैंक वित्तीय संस्थामा १४ वर्षभन्दा बढीको कार्यानुभव ।<br>-त्रिभुवन विश्वविद्यालयमा २ वर्ष २ महिना अधिकृतको रुपमा कार्यानुभव । | प्रमुख कार्यकारी अधिकृत | का.म.पा. ४ वालुवाटार, काठमाण्डौ |

**(ट) सञ्चालक समितिको बनौट :**

संगठित संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| संस्थापक समुहका शेयरधनीहरुबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित | ४ (चार) जना |
| सर्वसाधारण समुहको शेयरधनीबाट निर्वाचित | २ (तीन) जना |
| सञ्चालक समितिले नियुक्त गरेको व्यवसायिक सञ्चालक | १ (एक) जना |

**(ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :**

साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर एक दशमलव छ शेयर (१: १.६) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन ।दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंक वा तोकिएको संकलनकेन्द्रमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।शेयरधनीहरुले आफ्नो कायम हकभन्दा कम शेयरका लागि समेत आवेदन दिनसक्नेछन् ।

**(ड) साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

हकप्रद शेयर खुल्ला अवधीमा सम्पूर्ण शेयर बिक्री नभई शेयर बाँकी रहेमा संचालक समितिको निर्णय अनुसार अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**(ढ) हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित अर्थात ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक अर्थात ४ कित्ताका (खण्डित शेयर ३.१को माथिल्लो पूर्णाङ्कभनेको ४ भएकोले) लागि प्रति शेयर रु १०० कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**(ण) संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ**

संगठित संस्थाको विगत तीन आर्थिक वर्ष (आ.व.) को लेखापरीक्षण भएको समिष्टिकृत वित्तीय विवरण, आ.व. २०७३/७४ को लेखापरीक्षण नभएको आर्थिक विवरण तथा आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

**वासलात** (रु. हजारमा)

| क्र.सं. | विवरण | वास्तविक (रु.हजारमा) | | | *लेखापरिक्षण नभएको | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | आ.ब. २०७३/०७४ | २०७४/७५ प्रथम त्रैमासिक | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| | **श्रोत** | | | | | | | | |
| १ | चुक्ता पुंजी | ४८८,१६० | ४८८,१६० | ४८८,१६० | ६१०,२०० | ६१०,२०० | १,७८४,८३५ | २,००७,९३९ | २,००७,९३९ |
| २ | जगेडा तथा कोष | ४४८,२१८ | ५५७,१४७ | ७३९,४५८ | ८०७,६७९ | ९०१,२१४ | ९५७,३४१ | १,३२३,२९३ | २,२६४,१०९ |
| ३ | जीवन बीमा कोष | १,८७१,१२२ | २,६३८,६९६ | ३,५८३,१३९ | ४,८३८,१८९ | ५,२१८,६७५ | ६,२२२,५२६ | ८,११०,५४६ | १०,८९१,८८६ |
| ४ | महा विपत्ती जगेडा | १४,०६१ | २६,१६४ | ४७,०५७ | ६९,३५७ | ७८,५९० | ९१,६५७ | १३१,६४३ | १९७,०९४ |
| ५ | तिर्न बांकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - | - | - | - | - | - |
| | **कुल श्रोत** | **२,८२१,५६१** | **३,७१०,१६८** | **४,८५७,८१५** | **६,३२५,४२५** | **६,८०८,६७९** | **९,०५६,३५९** | **११,५७३४२१** | **१५,३६१,०२८** |
| | **उपयोग** | | | | | | | | |
| ६ | स्थिर सम्पत्ती (खूद) | १२१,१०२ | १२०,४४४ | ११६,३०७ | १११,१२६ | १०९,५५४ | ११५,७५० | १२०,८३५ | १२६,४२९ |
| ७ | दीर्घकालिन लगानी | ६५०,८७१ | ७७६,५४४ | १,०२२,३३९ | ३,४२४,००५ | ३,८०३,८८९ | ५,६८२,२१३ | ७,८४६,०६३ | १०,९९३,६८६ |
| ८ | बीमालेखको धितोमा कर्जा | ७१,९४२ | १३७,०८८ | २१४,२७९ | ३४८,१४२ | ४०३,९७३ | ४१७,७७० | ४५९,५४७ | ५०५,५०२ |
| ९ | अन्य दीर्घकालिन कर्जा | ३५,९९८ | ३०,७५६ | ३१,५५४ | ३५,१७९ | ३७,८९३ | ३८,६९७ | ४२,५६७ | ४६,८२३ |
| | **चालू सम्पत्ती कर्जा तथा पेश्कीहरु :** | | | | | | | | |
| १० | नगद तथा बैंक मौज्दात | ४८,४९७ | ६७,३७३ | ८४,६४० | १२८,७३४ | ४६,७६४ | १६१,५१९ | २६१,१०४ | ५९२,४९९ |
| ११ | अल्पकालिन लगानी | १,९३१,१३६ | २,७१९,८६९ | ३,५२१,७६० | २,३९०,५५७ | २,३९२,४७६ | २,७१६,५५७ | ३,००५,१५७ | ३,३३४,६१७ |
| १२ | अल्पकालिन कर्जा | ७०६ | १,६९२ | १,५७७ | २,६३५ | २,२४५ | २,८९८ | ३,१८८ | ३,५०७ |
| १३ | अन्य सम्पत्ती | ५०८,२४६ | ४९३,९६२ | ६१२,९०८ | ७०७,०८६ | ७८२,९५९ | ७३४,७८९ | ७२०,२३७ | ७४८,८०५ |
| | **जम्मा (क) (१०+११+१२+१३)** | **२,४८८,५८५** | **३,२८२,८९५** | **४,२२०,८८५** | **३,२२९,०१३** | **३,२२४,४४४** | **३,६१५७६४** | **३,९८९,६८६** | **४,६७९,४२९** |
| | **चालू दायित्व तथा व्यवस्थाहरु :** | | | | | | | | |
| १४ | चालू दायित्व | ८८,२९९ | १३९,५६३ | २२१,९७८ | २२४,१६७ | २१४,९०४ | २२२,९४३ | २५६,३८५ | २९४,८४२ |
| १५ | असमाप्त जोखिम वापत व्यवस्था | ४१०,००० | ४१०,००० | ४२०,००० | ४२०,००० | ४२०,००० | ४४१,००० | ४६३,०५० | ४८६,२०३ |
| १६ | भूक्तानी हून बाँकी दावी बापत व्यवस्था | १२,१०८ | १९,१४० | ८,९३० | ८,५७२ | १३,५७६ | १०,२८६ | ११,३१५ | १२,४४६ |
| १७ | अन्य व्यवस्था | ३६,५३१ | ६८,८५६ | ९६,६४१ | १६९,३०२ | १२२,५९४ | १३९,६०५ | १५४,५२७ | १९७,३५० |
| | **जम्मा (ख) (१४+१५+१६+१७)** | **५४६,९३८** | **६३७,५५८** | **७४७,५५०** | **८२२,०४१** | **७७१,०७४** | **८१३,८३५** | **८८५,२७७** | **९९०,८४१** |
| १८ | **खुद चालू सम्पत्ती (ग)=(क) - (ख)** | **१,९४१,६४८** | **२,६४५,३३६** | **३,४७३,३३५** | **२,४०६,९७२** | **२,४५३,३७०** | **२,८०१,९२९** | **३,१०४,४०९** | **३,६८८,५८८** |
| १९ | **अपलेखन वा समायोजन हुन बांकी विविध खर्चहरु** | - | - | - | - | - | - | - | - |
| २० | **नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान** | - | - | - | - | - | - | - | - |
| | कुल उपयोग (६+७+८+९+१८+१९+२०) | २,८२१,५६१ | ३,७१०,१६८ | ४,८५७,८१५ | ६,३२५,४२५ | ६,८०८,६७९ | ९,०५६,३५९ | ११,५७३,४२१ | १५,३६१,०२८ |

## नाफा नोक्सान हिसाव

| क्र.सं. | विवरण | वास्तविक (रु.हजारमा) | | | *लेखापरिक्षण नभएको | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.ब. २०७०/७१ | आ.ब. २०७१/७२ | आ.ब. २०७२/७३ | आ.ब. २०७३/०७४ | २०७४/७५ प्रथम त्रैमासिक | आ.ब. २०७४/७५ | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ |
| | **आम्दानी :** | | | | | | | | |
| १ | आय व्यय हिसावबाट सारेको नाफा /(नोक्सान) | ७८,८३६ | ७७,३७८ | ११२,१४५ | २०५,४७३ | ६३,३०७ | ३८७,२११ | ६६५,२०९ | १,०९१,०४८ |
| २ | जीवन बीमा कोषबाट सारेको | २३,९८८ | ३१,९७९ | ४०,५३९ | - | - | - | - | - |
| ३ | लगानी कर्जा तथा अन्यबाट आय | ४५,५३५ | ३७,९५२ | ३६,४३६ | ५५,४११ | २४,७८९ | ३८,७६२ | ४३,३७५ | ५०,९२४ |
| ४ | व्यवस्था फिर्ता | ९,२६४ | ७,४९३ | ८,२९७ | ५४८ | ८,३१४ | - | - | - |
| ५ | अन्य आम्दानी | ९ | - | - | - | - | - | - | - |
| | **जम्मा आम्दानी(क)** | **१५७,६३२** | **१५४,८०२** | **१९७,४१६** | **२६१,४३२** | **९६,४१०** | **४२५,९७३** | **७०८,५८४** | **१,१४१,९७२** |
| | **खर्च :** | | | | | | | | |
| ६ | व्यवस्थापन खर्च | २०,६८१ | ६४,८५४ | ३०,९८९ | ३१,२९१ | ६,६९२ | ३२,६४५ | ३५,७९५ | ३९,२५६ |
| ७ | अपलेखन खर्च | - | - | - | - | - | - | - | - |
| ८ | शेयर सम्वन्धी खर्च | - | - | - | - | - | ६५० | - | - |
| ९ | अन्य खर्चहरु | - | - | - | - | - | - | - | - |
| १० | नोक्सानीको लागी व्यवस्था | ४,७९३ | १६,९७० | ५,९५५ | ३२,०१२ | १९,९४० | - | - | - |
| ११ | कर्मचारी आवास व्यवस्था | - | - | - | - | - | - | - | - |
| १२ | कर्मचारी बोनस व्यवस्था | १२,०१४ | ६,६३४ | १४,५८८ | १८,०१२ | ६,३४३ | ३५,६९८ | ६१,१६३ | १००,२४७ |
| १३ | **समायोजित आयकर (अ) =(आ)-(इ)** | **(२०,४६२)** | **(५४,६९०)** | **(६३,०५०)** | **(४२,८८१)** | **-** | **(४२,८८१)** | **(४२,८८१)** | **(४२,८८१)** |
| १४ | आ)आयकर | - | - | - | - | - | - | - | - |
| १५ | इ) स्थगन कर सम्पत्ती/(दायित्व) | २०,४६२ | ५४,६९० | ६३,०५० | ४२,८८१ | - | ४२,८८१ | ४२,८८१ | ४२,८८१ |
| १६ | जीवन बीमा कोषमा सारेको | - | - | - | - | - | | | |
| | **जम्मा खर्च (ख)** | **१७,०२६** | **३३,७६९** | **(११,५१७)** | **३८,४३४** | **३२,९७५** | **२६,११३** | **५४,०७७** | **९६,६२२** |
| १७ | **खुद नाफा / (नोक्सान) (ग) = (क) - (ख)** | **१४०,६०६** | **१२१,०३३** | **२०८,९३३** | **२२२,९९७** | **६३,४३५** | **३९९,८६१** | **६५४,५०७** | **१,०४५,३५०** |
| १८ | अघिल्लो बर्षसंग सम्बन्धित खर्च | - | - | - | - | | - | - | - |
| १९ | अघिल्लो बर्षबाट सारिएको नाफा /(नोक्सान) | ७७,६०९ | १८३,६९२ | २३७,९३१ | २३५,१५२ | ३९२,९७० | १८४,२१७ | २६६,३६४ | ८१२,५४० |
| २० | **बाँडफाँडको लागी उपलब्ध रकम** | **२१८,२१४** | **३०४,७२५** | **४४६,८६४** | **४५८,१५०** | **४५६,४०५** | **५८४,०७७** | **९२०,८७१** | **१,८५७,८९१** |
| | क)स्थगन कर जगेडा | २०,४६२ | ५४,६९० | ६३,०५० | ४२,८८१ | - | ४२,८८१ | ४२,८८१ | ४२,८८१ |
| | ख) पुँजीगत जगेडा | - | - | - | - | - | - | - | - |
| | ग) विशेष जगेडा | - | - | - | - | - | - | - | - |
| | घ) अन्य जगेडा (विवरण खुलाउने) | - | - | - | - | - | - | - | - |
| | **ङ) प्रस्तावित लाभांश** | **-** | **-** | **१२७,७६९** | **२०८,७५३** | **-** | **२३४,८४७** | **-** | **-** |
| | अ) बोनस शेयर | - | - | १२२,०४० | १९८,३१५ | - | २२३,१०४ | - | - |
| | आ) नगद लाभांश | - | - | ५,७२९ | १०,४३८ | - | ११,७४२ | - | - |
| | च) महा-विपत्ती जगेडा | १४,०६१ | १२,१०३ | २०,८९३ | २२,३०० | ६,३४३ | ३९,९८६ | ६५,४५१ | १०४,५३५ |
| २१ | **वासलातमा सारेको नाफा /(नोक्सान)** | **१८३,६९२** | **२३७,९३१** | **२३५,१५२** | **१८४,२१७** | **४५०,०६२** | **२६६,३६४** | **८१२,५४०** | **१,७१०,४७५** |

***व्यवस्थापनबाट प्रमाणित अपरिस्कृत वित्तीय विवरण**

## वित्तीय प्रक्षेपणका आधार तथा तरिका

| | | आ.ब. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बिवरण | | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | ०७३/०७४ | ०७४/०७५ प्रथम त्रैमासिक | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| १ | कुल बीमाशूल्कमा कुल पूनर्बीमा शूल्क खर्चको अनूपात | ९.३% | ६.८% | ६.९% | ८.०% | ९.६०% | ७.२% | ७.२% | ६.९% |
| २ | कुल पूनर्बीमा कमिशन आयमा `कुल पूनर्बीमा कमिशन खर्चको अनूपात | ०.०% | ०.०% | १३.५% | ०.००% | ०.००% | ०.००% | ०.००% | ०.००% |
| ३ | खूद बीमाशूल्कमा दावी भूक्तानीको अनूपात | १६.८% | १६.०% | १५.६% | १५.७% | १०.२% | १२.९% | ९.४% | ६.६% |
| ४ | कुल बीमाशूल्कमा | ९.१% | १०.२% | १०.६% | ८.८% | ६.१% | ८.८% | ९.३% | ९.७% |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभिकर्ता कमिशन भूक्तानीको अनूपात | | | | | | | | |
| ५ | कुल बीमाशूल्कमा कूल व्यवस्थापन खर्च अनूपात | १६.९% | २०.९% | १८.०% | १५.३% | १३.०% | ११.०% | ८.०% | ५.६% |
| ६ | कूल व्यवस्थापन खर्चमा कर्मचारी खर्चको अनूपात | ४६.०% | ४३.९% | ४१.३% | ५१.६% | ६४.३% | ५४.४% | ५४.६% | ५४.७% |
| ७ | खुद नाफामा कुल बीमाशूल्कको अनूपात | ११.५% | ८.८% | १२.१% | १०.९% | १२.४% | १३.५% | १४.६% | १४.८% |
| ८ | कूल बीमाशूल्कमा कूल सम्पत्तिको ( कुल उपयोग) अनूपात | २३०.४% | २७०.४% | २८१.६% | ३०८.९% | ३६९.१% | ३०६.१% | २५७.७% | २१८.०% |
| ९ | आयकर व्यवस्था | २५.०% | २५.०% | २५.०% | २५.०% | २५.०% | २५.०% | २५.०% | २५.०% |

**#** माथि उल्लेख गरिएका वित्तीय विवरण तथा प्रक्षेपित वित्तीय विवरण तयार र विश्लेषण गर्ने व्यवसायिक संस्थामा निष्काशनकर्ता कम्पनी आफै रहेको छ । निष्काशनकर्ता वित्तीय संस्थालेप्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा प्रेशित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु ठिक छ भनी प्रमाणित गर्नेमा आर के एस एण्ड एसोसियट्सका तर्फबाट सि.ए. श्री राजेश कुमार शाह हुनुहुन्छ ।

**बित्तिय प्रक्षेपणका प्रमुख आधारहरु :**
कम्पनीको विगत तथा वर्तमान अवस्थामा भएको व्यवसाय वृद्धि तथा सो संग सम्वन्धित आम्दानी र खर्चहरुको अनुभव तथा भविश्यमा आर्जन हुन सक्ने अपेक्षित बीमाशुल्क रकम सोको लगानीबाट प्राप्त हुन सक्ने अपेक्षित व्याज आम्दानी तथा व्यवसायको शिलशिलामा हुन सक्ने अपेक्षित खर्चहरुको आधारमा वित्तीय प्रक्षेपण गरिएको छ ।

(१) **कूल बीमाशुल्कमा कूल पुनर्बीमा शुल्क खर्चको अनुपात :** कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा कूल बीमाशुल्क रकममा १९ प्रतिशतको बृद्धी भएको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः ४४, ५२ र ५७प्रतिशतले कुल बीमाशुल्क बृद्धी हुने प्रक्षेपण गरिएको छ । कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा कूल पुनर्बीमा शुल्क खर्च रकममा ३७ प्रतिशतले बृद्धी भएको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः ३०, ५० र ५१ प्रतिशतले कुलपुनर्बीमा शुल्क खर्च रकममा बृद्धी हुने प्रक्षेपण गरिएको छ ।कम्पनीको कूल बीमाशुल्कमा कूल पुनर्बीमा शुल्क खर्चको अनुपात आ.व. २०७२/७३ को आषाढ मसान्तमा ६.९ प्रतिशत रहेको र आ.व. २०७३/७४ को आषाढ मसान्तमा उक्त अनुपात ८ प्रतिशत रहेको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७मा सो अनुपात क्रमशः ७.२, ७.२ र ६.९ प्रतिशत रहने प्रक्षेपण गरिएकोछ ।

(२) **कूल पुनर्बीमा कमिशन आयमा कूल पुनर्बीमा कमिशन खर्चको अनुपात :**कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तमा कूल पुनर्बीमा कमिशन आयमा कूल पुनर्बीमा कमिशन खर्चको अनुपात १३.५ प्रतिशत रहेकोमा कम्पनीको पुनर्बीमा निती परिवर्तनको कारणबाट आ.व. २०७३/७४ देखि कूल पुनर्बीमा कमिशन आय तथा कूल पुनर्बीमा कमिशन खर्च नहुने भएकोले आ.व. २०७३/७४ मा सोको अनुपात शुन्य प्रतिशत रहेको छ । तसर्थ कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा सो अनुपात शुन्य प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।

(३) **खुद बीमाशुल्कमा दावी भुक्तानीको अनुपात :** कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा खुद बीमाशुल्क रकममा १७ प्रतिशतको बृद्धी भएको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः ४६, ५२ र ५७

प्रतिशतले खुद बीमाशुल्क बृद्धी हुने प्रक्षेपण गरिएको छ । कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा खुद दावीभुक्तानी खर्च रकममा १९ प्रतिशतले बृद्धी भएको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः २०, १० र १० प्रतिशतले खुददावीभुक्तानी खर्च रकममा बृद्धी हुने प्रक्षेपण गरिएको छ ।कम्पनीको खुद बीमाशुल्कमा दावी भुक्तानीको अनुपात आ.व. २०७२/७३ को आषाढ मसान्तमा १५.६ प्रतिशत रहेको र आ.व. २०७३/७४ को आषाढ मसान्तमा उक्त अनुपात १५.७प्रतिशत रहेको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७मा सो अनुपात क्रमशः १२.९, ९.४ र ६.६ प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।

(४) **कूल बीमाशुल्कमा अभिकर्ता कमिशन भुक्तानीको अनुपात :** कम्पनीको कूल बीमाशुल्कमा अभिकर्ता कमिशन भुक्तानीको अनुपात आ.व. २०७२/७३ को आषाढ मसान्तमा १०.६ प्रतिशत रहेको र आ.व. २०७३/७४ को आषाढ मसान्तमा उक्त अनुपात ८.८ प्रतिशत रहेको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७४/७५, २०७५/७६ र २०७६/७७ मा सो अनुपात क्रमशः ८.८, ९.३ र ९.७ प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।

(५) **कूल बीमाशुल्कमा कुल व्यवस्थापन खर्च अनुपात :** कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा कूल बीमाशुल्क रकममा १९ प्रतिशतको बृद्धी भएको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः ४४, ५२ र ५७ प्रतिशतले कुल बीमाशुल्क बृद्धी हुने प्रक्षेपण गरिएको छ ।कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा कूल व्यवस्थापन खर्च रकममा १ प्रतिशतले बृद्धी भएको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः ४, १० र १० प्रतिशतले कुलव्यवस्थापन खर्च रकममा बृद्धी हुने प्रक्षेपण गरिएको छ ।कम्पनीको कूल बीमाशुल्कमा कूल व्यवस्थापन खर्चको अनुपात आ.व. २०७२/७३ को आषाढ मसान्तमा १८ प्रतिशत रहेको र आ.व. २०७३/७४ को आषाढ मसान्तमा उक्त अनुपात १५.३ प्रतिशत रहेको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७मा सो अनुपात क्रमशः ११, ८ र ५.६ प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।

(६) **कुल व्यवस्थापन खर्चमा कर्मचारी खर्चको अनुपात :** कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा कूल व्यवस्थापन खर्च रकममा १ प्रतिशतले बृद्धी भएको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः ४, १० र १० प्रतिशतले कुलव्यवस्थापन खर्च रकममा बृद्धी हुने प्रक्षेपण गरिएको छ । कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा कूल कर्मचारी खर्च रकममा २६ प्रतिशतले बृद्धी भएको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः १०, १० र १० प्रतिशतले कुलकर्मचारी खर्च रकममा बृद्धी हुने प्रक्षेपण गरिएको छ ।कम्पनीको कूल व्यवस्थापन खर्चमा कूल कर्मचारी खर्चको अनुपात आ.व. २०७२/७३ को आषाढ मसान्तमा ४१.३ प्रतिशत रहेको र आ.व. २०७३/७४ को आषाढ मसान्तमा उक्त अनुपात ५१.६ प्रतिशत रहेको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७मा सो अनुपात क्रमशः ५४.४, ५४.६ र ५४.७ प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।

(७) **खुद नाफामा कूल बीमाशुल्कको अनुपात :** कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा खुद नाफामा७ प्रतिशतको बृद्धी भएको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः ७९, ६४ र ६० प्रतिशतले खुद नाफामा बृद्धी हुने प्रक्षेपण गरिएको छ । कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा कूल बीमाशुल्क रकममा १९ प्रतिशतको बृद्धी भएको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः ४४, ५२ र ५७ प्रतिशतले कुल बीमाशुल्क बृद्धी हुने प्रक्षेपण गरिएको छ ।कम्पनीकोखुद नाफामा कूल बीमाशुल्कको अनुपात आ.व. २०७२/७३ को आषाढ मसान्तमा १२.१ प्रतिशत रहेको र आ.व. २०७३/७४ को आषाढ मसान्तमा उक्त अनुपात १०.९ प्रतिशत रहेको छ

। कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७मा सो अनुपात क्रमशः १३.५, १४.६ र १४.८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

(८) **कुल बीमाशुल्कमा कुल सम्पत्तिको (कूल उपयोग) अनुपात :** कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा कूल बीमाशुल्क रकममा १९ प्रतिशतको बृद्धी भएको छ। कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः ४४, ५२ र ५७ प्रतिशतले कुल बीमाशुल्क बृद्धी हुने प्रक्षेपण गरिएको छ ।कम्पनीको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा कूल सम्पत्तिमा ७७ प्रतिशतको बृद्धी भएको छ । कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः १२, १० र १७ प्रतिशतले कुलसम्पत्तिमा बृद्धी हुने प्रक्षेपण गरिएको छ ।कम्पनीको कूल बीमाशुल्कमा कूल सम्पत्तिको अनुपात आ.व. २०७२/७३ को आषाढ मसान्तमा २८१.६ प्रतिशत रहेको र आ.व. २०७३/७४ को आषाढ मसान्तमा उक्त अनुपात ३०८.९ प्रतिशत रहेको छ। कम्पनीको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७मा सो अनुपात क्रमशः ३०६.१, २५७.७ र २१८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

(९) **आयकर व्यवस्था :** आयकर ऐन, २०५८ बमोजिम २५ प्रतिशत रहने गरी आयकर व्यवस्था गरिएको छ।

(ख) संगठित संस्थाको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति( नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

| बिवरण | वास्तविक (रु.हजारमा) | | | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | आ.ब. ०७३/०७४* | २०७४/७५प्रथम त्रैमासिक | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| चूक्ता पूँजी | ४८८,१६० | ४८८,१६० | ४८८,१६० | ६१०,२०० | ६१०,२०० | १,७८४,८३५ | २,००७,९३९ | २,००७,९३९ |
| साधारण जगेडा कोष | ४४८,२१८ | ५५७,१४७ | ७३९,४५८ | ८०७,६७९ | ९०१,२१४ | ९५७,३४१ | १,३२३,२९३ | २,२६४,१०९ |
| बीमा कोष | | | | | | | | |
| महा-विपत्ती जगेडा | १४,०६१ | २६,१६४ | ४७,०५७ | ६९,३५७ | ७८,५९० | ९१,६५७ | १३१,६४३ | १९७,०९४ |
| नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | – | – | – | – | – | – | – | – |
| **कुल** | **९५०,४३८** | **१,०७१,४७१** | **१,२७४,६७५** | **१,४८७,२३६** | **१,५९०,००४** | **२,८३३,८३३** | **३,४६२,८७५** | **४,४६९,१४१** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | – | – | – | – | – | – | – | – |
| **कुल नेटवर्थ** | **९५०,४३८** | **१०७१४७१** | **१,२७४,६७५** | **१,४८७,२३६** | **१,५९०,००४** | **२,८३३,८३३** | **३,४६२,८७५** | **४,४६९,१४१** |
| **शेयर सख्या** (०००) | ४,८८२ | ४,८८२ | ४,८८२ | ६,१०२ | ६,१०२ | १,७८४८ | २०,०७९ | २०,०७९ |
| प्रति शेयर नेट वर्थ | १९४.७० | २१९.४९ | २६१.१२ | २४३.७३ | २६०.५७ | १५८.७७ | १७२.४६ | २२२.५७ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | १४.७९% | ११.३०% | १६.३९% | १४.९९% | १५.९६% | १४.११ | १८.९०% | १४.६५% |
| प्रति शेयर आम्दनी (EPS) | २८.८० | २४.७९ | ४२.८० | ३६.५४ | १०.४० | २२.४० | ३२.६० | ५२.०६ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | **३८.९१%** | | | |

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरिक्षण भएको वासलात र नाफा-नोक्सान हिसावको विवरण :**

संगठित संस्थाकोआ.व.२०७२/०७३ को लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाबकोविवरण देहाय बमोजिम रहेको छ।

**२०७३ आषाढ मसान्तको वासलात**

**वासलात**

(रु. हजारमा)

| क्र.सं. | विवरण | आ.ज |
|---|---|---|
| | | २०७२/७३ |
| | **श्रोत** | |
| १ | चुक्ता पुंजी | ४८८,१६० |
| २ | जगेडा तथा कोष | ७३९,४५८ |
| ३ | जीवन बीमा कोष | ३,५८३,१३९ |
| ४ | महा विपत्ती जगेडा | ४७,०५७ |
| ५ | तिर्न बांकी दीर्घकालिन ऋण तथा सापटी | - |
| | **कुल श्रोत** | **४,८५७,८१५** |
| | **उपयोग** | |
| ६ | स्थिर सम्पत्ती (खूद) | ११६,३०७ |
| ७ | दीर्घकालिन लगानी | १,०२२,३३९ |
| ८ | बीमालेखको धितोमा कर्जा | २१४,२७९ |
| ९ | अन्य दीर्घकालिन कर्जा | ३१,५५४ |
| | **चालू सम्पत्ती कर्जा तथा पेश्कीहरु :** | |
| १० | नगद तथा बैंक मौज्दात | ८४,६४० |
| ११ | अल्पकालिन लगानी | ३,५२१,७६० |
| १२ | अल्पकालिन कर्जा | १,५७७ |
| १३ | अन्य सम्पत्ती | ६१२,९०८ |
| | **जम्मा** (क) (१०+११+१२+१३) | **४,२२०,८८५** |
| | **चालू दायित्व तथा व्यवस्थाहरु :** | |
| १४ | चालू दायित्व | २२१,९७८ |
| १५ | असमाप्त जोखिम वापत व्यवस्था | ४२०,००० |
| १६ | भूक्तानी हून बाँकी दावी बापत व्यवस्था | ८,९३० |
| १७ | अन्य व्यवस्था | ९६,६४१ |
| | **जम्मा** (ख) (१४+१५+१६+१७) | **७४७,५५०** |
| १८ | **खुद चालू सम्पत्ती** (ग)=(क) - (ख) | **३,४७३,३३५** |

# नाफा नोक्सान हिसाव

(रु. हजारमा)

| क्र.सं. | विवरण | वास्तविक (रु.हजारमा) |
|---|---|---|
| | | २०७२/७३ |
| | **आम्दानी :** | |
| १ | आय व्यय हिसाबबाट सारेको नाफा /(नोक्सान) | ११२,१४५ |
| २ | जीवन बीमा कोषबाट सारेको | ४०,५३९ |
| ३ | लगानी कर्जा तथा अन्यबाट आय | ३६,४३६ |
| ४ | व्यवस्था फिर्ता | ८,२९७ |
| ५ | अन्य आम्दानी | - |
| | **जम्मा आम्दानी (क)** | **१९७,४१६** |
| | **खर्च :** | |
| ६ | व्यवस्थापन खर्च | ३०,९८९ |
| ७ | अपलेखन खर्च | - |
| ८ | शेयर सम्वन्धी खर्च | - |
| ९ | अन्य खर्चहरु | - |
| १० | नोक्सानीको लागी व्यवस्था | ५,९५५ |
| ११ | कर्मचारी आवास व्यवस्था | - |
| १२ | कर्मचारी बोनस व्यवस्था | १४,५८८ |
| **१३** | **समायोजित आयकर (अ)=(आ)-(इ)** | (६३,०५०) |
| १४ | आ)आयकर | - |
| १५ | इ) स्थगन कर सम्पत्ती/(दायित्व) | ६३,०५० |
| १६ | जीवन बीमा कोषमा सारेको | - |
| | **जम्मा खर्च (ख)** | (११,५१७) |
| **१७** | **खुद नाफा / (नोक्सान) (ग) = (क) - (ख)** | **२०८,९३३** |
| १८ | अघिल्लो बर्षसंग सम्बन्धित खर्च | - |
| १९ | अघिल्लो बर्षबाट सारिएको नाफा /(नोक्सान) | २३७,९३१ |
| २० | **बाँडफाँडको लागी उपलब्ध रकम** | **४४६,८६४** |
| | क)स्थगन कर जगेडा | ६३,०५० |
| | ख) पुँजीगत जगेडा | - |
| | ग) विशेष जगेडा | - |
| | घ) अन्य जगेडा (विवरण खुलाउने) | - |
| | **ङ) प्रस्तावित लाभांश** | **१२७,७६९** |
| | अ) बोनस शेयर | १२२,०४० |
| | आ) नगद लाभांश | ५,७२९ |
| | च) महा-विपत्ती जगेडा | २०,८९३ |
| २१ | **वासलातमा सारेको नाफा /(नोक्सान)** | **२३५,१५२** |

**त(२) आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नुपर्ने :**

कम्पनीको आ.व.२०७४/०७५ को असोज मसान्तको व्यवस्थापनबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण माथि दफा (ण) मा उल्लेख गरिएको ।

**त(३) धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमाउल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसायसंचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्ध कार्य शुरु गर्नेछौं ।

**(थ) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :**

क) भविष्यमा नयाँ बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ग) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
ड) नेपाल सरकार तथा बीमा ऐनको नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
च) कम्पनीको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरु ।
छ) पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

संगठित संस्था वि.सं. २०६४।०३।१०मा स्थापना भई वि.सं. २०६५।०२।२२ देखि आजीवन, सावधिक र म्यादी जीवन बीमा व्यवसाय गर्दै आएको कम्पनी हो । कम्पनीको असमाप्त जोखिम तथा भुक्तानी गर्न बांकी दावीहरुको लागि बीमा ऐन तथा नियमावलीमा उल्लेख भएअनुसारको जगेडाकोषको व्यवस्था गरिएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम**

रु.१००/– प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मुल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**(द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

संगठित संस्थाले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा ३० दिनभित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न सकिनेछ ।

क)संगठित संस्थाकोरजिष्टर्ड कार्यालय, हात्तिसार, काठमाण्डौ ।

ख)धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक - सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंस्थितकार्यालयबाट ।

**(न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए सो को विवरण**

प्रत्याभुत नगरिएको ।

**(प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

संगठित संस्थाले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरको बाँडफाँड पश्चात् बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँडमा परेका शेयरधनीहरु मध्ये हितग्राही खाता नभएका शेयरधनीहरुको हकमा हितग्राही खाता माग गरितथा हितग्राही खाता भएका शेयरधनीहरुको हकमा निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**(फ) संगठित संस्थाको कारोवारमा असर पार्ने कुनै विवाद/मुद्दा भए सो को विवरण :**

सो नभएको ।

**(ब) हकप्रद शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १: १.६ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ दशमलव ६ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा वित्तीय संस्थाद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सोको निवारणका लागि संगठित संस्थाको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः**

(१) साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धित कम्पनीको शेयर रजिष्ट्रार नविल इन्भेष्टमेण्ट बैकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछ :

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालोसूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको ।

(२) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(३) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नुपर्नेछ ।

(४) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।

(५) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

**(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिकाबारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :**

क) संगठित संस्थाकोआ.व. २०७२/०७३ को लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्थादेव एसोसियट्स काठमाण्डौ का सिएरजनिश दाहालरहेकाछन ।

ख) संगठित संस्थाको कम्पनी सचिवमा श्री राजन प्रसाद अधिकारीरहनुभएको छ ।

ग) संगठित संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा ब्यबसायिक संस्था श्री आर के एस एण्ड एसोसियट्स, काठमाण्डौ का सिए. राजेश कुमार शाहले प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" ब्यबसायिक संस्था सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौं रहेको छ ।

छ) **अन्य :**

**(क) धितोपत्र सिडिएसमा दर्ता गर्ने सम्वन्धमा :**

नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र साविक शेयरधनीहरुमा निष्कासन भई बाँडफाँड भएपश्चात सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता गराई धितोपत्र अभौतिक रुपमा समेत उपलब्ध गराई धितोपत्रको कारोवार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गर्नेछ ।

**(ख)** धितोपत्र निष्कासनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरण लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु निष्कासन तथा विक्री प्रवन्धकको website :www.siddharthacapital.comतथा निष्कासन कम्पनीकोwebsite: www.primelifenepal.comमा राख्ने व्यवस्था गरिनेछ ।

(ग) धितोपत्र बोर्डबाट स्वीकृत भएको विवरण सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य**

क) पूंजी वृद्धि गर्ने सम्बन्धमा वीमा समितिको निर्देशानुसार आ.व. २०७४/०७५ सालसम्म रु. २,००,००,००,०००/- (अक्षरुपी दई अरव रुपैंया) चुक्ता पूंजी कायम गर्न कम्पनीको मिति २०७४।०५।२७ मा सम्पन्न सातौं, आठौं, नवौं र दशौं (संयुक्त) बार्षिक साधारण सभाबाट सर्वसम्मतीले पारित गरे बमोजिम एक शेयर बराबर एक दशमलव छ शेयर (१ : १.६) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पूंजी संकलन गर्न ।

ख) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूंजी जुटाउन ।

ग) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा बीमा क्षेत्र सम्बन्धि गतिविधिहरुलाई विस्तार गरी देशको बीमा क्षेत्रको विकासमा योगदान पुर्‍याउन ।

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" अनुसार हकप्रद शेयर जारी भई प्राप्त हुने रकम बीमा समितिको लगानी निर्देशिका अनुसार निम्नबमोजिम लगानी गरिनेछ ।

१. (क) वर्गको अनिवार्य लगानी क्षेत्र अन्तर्गत नेपाल सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र/वचतपत्रमा कुल लगानी रकमको २५% मा नघट्ने गरि लगानी गरिनेछ र वाणिज्य बैंकको मुद्दती निक्षेप तथा सो अल्पकालिन लगानी अन्तर्गत कुल लगानी रकमको ३५% मा नघट्ने गरी लगानी गरिनेछ ।

२. (ख) वर्ग अन्तर्गत कुल लगानी रकमको १५% मा नबढ्ने गरि बिकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ ।

३. कुल लगानी रकमको ७०% मा नघट्ने गरि अनिवार्य लगानी क्षेत्र (क+ख) मा लगानी गरिनेछ ।

४. स्वेच्छिक लगानी (ग वर्ग) अन्तर्गत कुल लगानी रकमको १५% मा नबढने गरी बित्त कम्पनीको मुद्दती निक्षेपमा लगानी गरिनेछ ।

हकप्रद शेयर निष्काशनबाट प्राप्त रकमको उपयोग योजनालाई देहायअनुसार प्रस्तुत गरेका छौं ।

| **लगानीको क्षेत्र** | **हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम मध्येबाट (रु.)** |
|---|---|
| वाणिज्य बैंकको मुद्दतीनिक्षेप | ८०,००,००,०००।– |
| विकास बैंकको मुद्दतीनिक्षेप | १०,००,००,०००।– |
| सामुहिक लगानी योजना | ५,००,००,०००।– |
| सुचिकृत कम्पनीको शेयर | २,६३,२०,०००।– |
| **कूल रकम** | **९७,६३,२०,०००।–** |

**(र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैतिस दिनका लागि खुल्ला राखिनेछ । हकप्रद शेयर विक्री खुल्ला अवधी भित्र सवै धितोपत्र विक्री नभएमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ बमोजिम बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**(ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, हात्तिसार, काठमाण्डौ तथा यसका सम्पूर्ण शाखा कार्यालयहरु । |
| २. | श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| ३. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।
दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ ।

**निष्काशन बैंक(Bankers to the Issue):**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue)को रुपमा सिद्धार्थ बैंक लिमिटेड, हात्तिसारलाई तोकिएको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मितिभन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**(व) आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**
संगठित संस्थाले आफूले गर्ने व्यवसायसँग सम्बन्धितवीमा ऐन, २०४९, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रही कार्य गरिरहेको बारेको उद्घोषण कम्पनीको रहेको छ । साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम संगठित संस्थाका सञ्चालकहरु कालोसूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको वित्तीय संस्थाको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो ।

**संगठित संस्था अद्यावधिक रहेको सम्बन्धमा**
कम्पनी रजिष्ट्रारको मिति २०७४।१०।०९ को पत्रानुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था आ.व. ०७२।०७३ सम्म अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धमा**

संगठित संस्थाबाट साविक शेयरधनीहरुलाई सार्वजनिक निष्काशन गरिने हकप्रद साधारण शेयरका लागि ईक्रा नेपाल लि. बाट मिति २०७४ पौष २१ गते "ईक्रा एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ । **"ईक्रा एनपि आईपिओ ग्रेड ४+"** ले औसत भन्दा तल (Below Average Fundamental) आधारहरु जनाउँदछ ।

**(श) पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण**

| कम्पनीकोविगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| २०७३/२०७४ | २८६२ | १०६० | २५५५ | १२,६९,६६२ |
| २०७२/२०७३ | २५८५ | ११२० | २२०० | १२,३९,७२७ |
| २०७१/२०७२ | १२२५ | ८१५ | ११५९ | ७,५६,०४८ |

| कम्पनीको विगत तीन महिनाको शेयर कारोवारको विवरण | | | | |
|---|---|---|---|---|
| महिना | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| २०७४ माघ | १७४० | १६४७ | १६९० | ४०,६११ |
| २०७४ पौष | १८५० | १७०६ | १७३० | ३०,४२० |
| २०७४ मंसिर | १९०२ | १७७० | १८५६ | ६७,९७० |

**नोटः** संगठित संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने ।

**(ष) यस "हकप्रद निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री पियुष राज अर्याल | अध्यक्ष | |
| २. | श्री दिपेश अमात्य | संचालक | |
| ३ | श्री नारायण वजाज | संचालक | |
| ४. | श्री पर्सुराम कोइराला | संचालक | |
| ५. | श्री राजिव प्रसाद प्याकुरेल | संचालक | |
| ६. | श्री सुरज श्रेष्ठ | संचालक | |
| ७ | श्री विकास धारेवा | संचालक | |

**(स) निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेनस् सर्टिफिकेट) प्रस्तुत गरेका छौ ।